सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३१८ ♦ २०८३ साल साउन २३ शनिवार ♦ 8 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY

CURRENT ACCOUNT • 2337087445300018

prabhu Bank

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

## ढल्केबरमै ट्रमा सेन्टर बनाउन माग गर्दै आन्दोलनको घोषणा

**खबर दर्पण समाचारदाता**

**साउन २२ गते, जनकपुरधाम**

धनुषाको मिथिला नगरपालिका-७ ढल्केबरमा प्रस्तावित ट्रमा सेन्टर अन्यत्र सार्न खोजिएको भन्दै स्थानीयले आन्दोलनको घोषणा गरेका छन् ।

ट्रमा सेन्टर प्रस्तावित स्थानमै निर्माण गर्नुपर्ने माग राख्दै संघर्ष समितिले शुक्रबार ढल्केबरमा पत्रकार सम्मेलन गरी चरणबद्ध आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको हो ।



संघर्ष समितिका अनुसार साउन २३ गते ढल्केबरमा राँके जुलुस प्रदर्शन गरिनेछ। त्यसपछि साउन २४ गते पूर्वपश्चिम राजमार्ग अन्तर्गत ढल्केबरमा आधा घण्टा चक्काजाम गरिनेछ। साउन २५ गतेदेखि चक्काजामको अवधि क्रमश: बढाउँदै लैजाने समितिले जनाएको छ । समितिले साउन २६ गते बिहान ११ बजेदेखि दिउँसो १२ बजेसम्म तथा साउन २७ गते बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म राजमार्ग अवरुद्ध गर्ने कार्यक्रम तय गरेको छ ।

यसअघि संघर्ष समितिले धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलमार्फत सरकारलाई ज्ञापनपत्र बुझाउँदै ढल्केबरमै ट्रमा सेन्टर निर्माण गर्न माग गरेको थियो ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले बुधबार प्रतिनिधिसभामा ट्रमा सेन्टर लहानमा निर्माण हुने जानकारी दिएपछि ढल्केबरमा विरोध सुरु भएको हो ।

स्थानीयले सरकारले यसअघि गरेको निर्णय र बजेट विनियोजनविपरीत ट्रमा सेन्टरको स्थान परिवर्तन गर्न खोजेको आरोप लगाएका छन् ।

संघीय सरकारले आर्थिक वर्ष २०७८/७९ को बजेटमा मिथिला नगरपालिका-७, साविक ढल्केबर गाविस-२ 'क' को कित्ता नम्बर १६९ मा रहेको चार बिघा ऐलानी जग्गालाई आधार बनाएर ट्रमा सेन्टर निर्माणका लागि पहिलोपटक बजेट विनियोजन गरेको थियो ।

मिथिला नगरपालिकाका प्रमुख महतोका अनुसार ट्रमा सेन्टरका लागि आवश्यक जग्गा प्राप्तिको प्रक्रिया पूरा भइसकेको छ भने जग्गाको लालपुर्जा समेत बनिसकेको छ । त्यसैले सरकारले विगतमा अघि बढाएको योजना कार्यान्वयन गर्नुपर्ने उनको भनाइ छ ।

मन्त्री मेहताले शुक्रबार सामाजिक सञ्जाल फेसबुक मार्फत ढल्केबरमै ट्रमा सेन्टर निर्माण गर्ने सरकारको योजना यथावत् रहेको स्पष्ट पार्दै त्यससम्बन्धी भ्रममा नपर्न आग्रह गरेकी थिइन् ।

तर, नगर प्रमुख महतोले प्रतिनिधिसभामा मन्त्रीले दिएको अभिव्यक्ति र सामाजिक सञ्जालमा लेखिएको स्पष्टीकरणबीच फरक रहेको भन्दै सामाजिक सञ्जालमार्फत आएको धारणा मात्र पर्याप्त नहुने बताएका छन् ।

ढल्केबरमा ट्रमा सेन्टर निर्माणको मागलाई लिएर स्थानीयस्तरमा दबाब बढ्दै गएपछि पूर्वपश्चिम राजमार्गमा हुने चक्काजामलगायतका आन्दोलनका कार्यक्रमले यातायातसमेत प्रभावित हुन सक्ने देखिएको छ ।

## मधेश सरकारको खर्च प्रगति कमजोर, बजेट कार्यान्वयमा चुनौती

**खबर दर्पण समाचारदाता**

**साउन २२ गते, जनकपुरधाम**

मधेश प्रदेश सरकारले वर्षेनी बजेटको आकार बढाउँदै गौरवका आयोजना अघि सारे पनि बजेट कार्यान्वयनमा भने अपेक्षित सफलता हासिल गर्न सकेको छैन ।




मधेश सरकारको पछिल्लो पाँच वर्षको खर्च विवरणले प्रदेशको समग्र खर्च प्रगतिमा अधिकांश वर्ष ६० प्रतिशतको हाराहारीमा सीमित रहेको र एक वर्ष मात्र ७१ प्रतिशत पुगेको देखाउँछ । त्यसमाथि पुँजीगत खर्च कमजोर रहनुका साथै आर्थिक वर्षको अन्तिम चौमासिकमा अत्यधिक खर्च हुने प्रवृत्ति दोहोरिँदा बजेट कार्यान्वयनको प्रभावकारिता र वित्तीय अनुशासनमाथि प्रश्न समेत उठेको छ ।

आर्थिक वर्ष २०७८/७९ देखि २०८२/८३ सम्मको तथ्याङ्क हेर्दा प्रदेश सरकारको कुल बजेट खर्च अधिकांश वर्ष ५५ देखि ७१ प्रतिशतको सीमामै सीमित रहेको छ । बजेट विनियोजन बढ्दै गए पनि खर्चको अनुपातमा उल्लेखनीय सुधार नआउनुले योजना निर्माणभन्दा कार्यान्वयन पक्ष कमजोर रहेको सङ्केत गरेको छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालय मधेश प्रदेशको पछिल्लो पाँच वर्षको तथ्याङ्क हेर्दा प्रदेश सरकारको खर्च विवरणले प्रदेश सरकारको बजेट कार्यान्वयन क्षमता अझै चुनौतीपूर्ण अवस्थामा रहेको देखाएको छ भने बजेट बढे पनि कार्यान्वयन कमजोर देखिएको छ ।

गत आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारले ४६ अर्ब १८ करोड ३५ लाख रुपियाँ बजेट विनियोजन गरेको थियो । त्यसमध्ये असार मसान्तसम्म २६ अर्ब ३९ करोड १७ लाख रुपियाँ मात्र खर्च हुँदा कुल खर्च ५६.७१ प्रतिशतमा सीमित रह्यो । अझै २० अर्ब २९ करोड रुपियाँभन्दा बढी बजेट खर्च हुन सकेन ।

सबैभन्दा चिन्ताजनक पक्ष भनेको पुँजीगत खर्च हो । विकास निर्माणका लागि छुट्याइएको बजेटमध्ये करिब १६ अर्ब १५ करोड रुपियाँ मात्र खर्च भएको देखिन्छ, जबकि चालुतर्फको खर्च ९ अर्ब ८३ करोड रुपियाँ नाघेको छ। यसले प्रशासनिक खर्चको तुलनामा विकास निर्माणमा अपेक्षित प्रगति हुन नसकेको सङ्केत गर्छ ।

यस्तै आर्थिक वर्ष २०८१/८२

*बाँकी पृष्ठ ३ मा*

**'क्षीरेश्वर मल्टिपल कलेज**

- उच्च शिक्षाको लागि उत्तम गन्तव्य' -

**प्रवेश परीक्षाको आवेदन फारम भर्ने म्याद थप सम्बन्धि सूचना !**

यस क्षीरेश्वर मल्टिपल कलेजमा शैक्षिक सत्र २०८३ लागि नयाँ भर्नाको आवेदन फारम खुल्ला गरिएको छ ।

प्रवेश परीक्षाको आवेदन फारम भर्ने अन्तिम मिति :-

मिति २०८३-०४-२७ गते सम्म

प्रवेश परीक्षा मिति :-

२०८३-०४-३० गते शनिबार

प्रवेश परीक्षाको समय :-

दिउँसो ०१:०० देखि ०३:०० बजे सम्म

BPAM (Bachelor of Public Administration and Management)

BBA (Bachelor of Business Administration)

ADMISSION OPEN !

> जम्मा सिट संख्या :- ४०

> Scholarship संख्या :-४

CONTACT DETAILS

श्री राष्ट्रिय मा.वि. सखुवा बजार, धनुषा

फोन: +९७७-०४१-५५०२०५ मोबाईल: ९८०४८०८४९० / ९७४४३३८५३१ ९८४४०२५१८४ / ९८०७८३४१६०

# मिटर ब्याज सम्बन्धी सरकारी निर्णयविरुद्ध जनकपुरधाममा साहु-महाजनको प्रदर्शन

**खबर दर्पण समाचारदाता**

**साउन २२ गते, जनकपुरधाम**



सरकार र मिटरब्याज पीडित पक्षबीच भएको लेनदेनसम्बन्धी ९ बुँदे सहमति तथा मन्त्रिपरिषद्को निर्णयप्रति असन्तुष्टि जनाउँदै साहु-महाजनहरूले शुक्रबार जनकपुरधाममा विरोध प्रदर्शन गरेका छन् ।

पीडित लेनदेन संघर्ष समिति मधेशको अगुवाइमा भएको प्रदर्शनमा मधेश प्रदेशका आठवटै जिल्लाबाट आएका साहु-महाजनहरूको सहभागिता रहेको थियो ।

प्रदर्शनकारीहरूले सरकारले एकतर्फी रूपमा गरेको सहमति र मन्त्रिपरिषद्बाट भएका निर्णय आफूहरूको हितविपरीत रहेको भन्दै तत्काल फिर्ता लिन माग गरेका छन् ।

प्रदर्शनकारीहरूले जनकपुरधाम नगरको विभिन्न क्षेत्रको परिक्रमा गर्दै जिल्ला प्रहरी कार्यालय धनुषा, जिल्ला प्रशासन कार्यालय धनुषा र जिल्ला अदालत धनुषा अगाडि पुगेर विरोध प्रदर्शन गरेका थिए ।

उनीहरूले 'कानुनी राज्य बहाल गर' लगायतका नारा लगाउँदै सरकारले लेनदेनसम्बन्धी विषयमा आफूहरूमाथि अन्याय गरेको आरोप लगाए ।

पीडित लेनदेन संघर्ष समिति मधेश प्रदेशका अध्यक्ष विजय यादवले सरकारले साहु-महाजनका मागलाई बेवास्ता गरे थप सशक्त आन्दोलन गर्ने चेतावनी दिए । उनले आफूहरूको माग सम्बोधनका लागि सरकार गम्भीर बन्नुपर्ने बताए ।

यादवका अनुसार माग सम्बोधन नभए आगामी भदौ १ गतेदेखि काठमाडौं केन्द्रित आन्दोलन गर्ने तयारी गरिएको छ । त्यसक्रममा सिंहदरबार घेराउ गर्नुका साथै माइतीघरमा धर्ना दिने कार्यक्रम तय गरिएको उनले जानकारी दिए ।

प्रदर्शनकारीहरूले लेनदेन सम्बन्धी विवादको दीर्घकालीन र न्यायोचित समाधानका लागि सरकार, मिटरब्याज पीडित र साहु-महाजन पक्षलाई समेटेर त्रिपक्षीय वार्ता गर्नुपर्ने मागसमेत गरेका छन् ।

उनीहरूले कुनै एक पक्षलाई मात्र आधार बनाएर गरिने निर्णयले समस्या समाधान गर्नुको सट्टा थप जटिलता सिर्जना गर्ने भन्दै सबै सरोकारवालाको सहभागितामा सहमति खोज्न सरकारसँग आग्रह गरेका छन् ।

उनिहरुले खाँचो परेको बेला आफूहरुले ऋण दिएर काम चलाइ दिएको बदलामा उल्टै आफूहरुलाई अपराधी बनाएर दण्ड दिन खोजेको यो कस्तो किसिमको राज्यको व्यवहार हो भनेर प्रश्न गरेका छन् । आफूहरु पनि बेपार व्यवसाय गरेर बचाएको पैसा लगानी गरेको हो भने कतिले बैंकको ब्याज तिर्दै गरेको अवस्था रहेको बताउँछन् ।

# औरहीमा धानबालीमा....

सहभागिता पनि अपेक्षाकृत न्यून रहेको उहाँले बताउनुभयो। शाखाका नारु.प्रा.स. कविता बिष्टले किसानको समस्या समाधान कृषि शाखाको प्राथमिकतामा रहेको बताउँदै अनुमानका आधारमा विषादी प्रयोग नगरी प्राविधिकसँग परामर्श लिएर मात्र विषादी प्रयोग गर्न आग्रह गर्नुभयो। आवश्यक समन्वय, प्राविधिक सेवा तथा परामर्श उपलब्ध गराउन कृषि शाखा सधैँ तत्पर रहेको उहाँले बताउनुभयो।

प्राविधिक कर्मचारी सतेन्द्र कुमार ठाकुरले निरीक्षणका क्रममा धानबालीमा स्टेम बोररको प्रकोप देखिएको जानकारी दिँदै सिफारिस गरिएको विषादी समयमै प्रयोग गर्न सुझाव दिनुभयो। अर्का प्राविधिक नवीन यादवले बालीको नियमित अनुगमन गरी प्रारम्भिक अवस्थामै किराको व्यवस्थापन गर्न सके उत्पादनमा हुने क्षति कम गर्न सकिने बताउनुभयो। किसान दिनेश यादवले धानबालीमा रोगसँगै सिँचाइको समस्या पनि उत्तिकै गम्भीर रहेको बताउनुभयो। "यस वर्ष समयमा पर्याप्त वर्षा नभएकाले धेरै किसानले मोटरबाट सिँचाइ गर्नुपरेको छ। पानीको अभावले बाली कमजोर भएको छ र किराको असर पनि बढेको छ," उहाँले भन्नुभयो। किसान श्रवण कुमार यादवले एउटै समस्याका लागि फरक-फरक विषादी सिफारिस हुँदा कुन औषधि प्रयोग गर्ने भन्ने अन्योल रहेको बताउनुभयो।

औरही नगरपालिकाका नगर प्रमुख प्रदीप कुमार खड्काले किसानको उत्पादन र आयसँग प्रत्यक्ष सम्बन्धित विषय भएकाले धानबालीमा देखिएको समस्या समाधानका लागि कृषि शाखालाई थप सक्रिय र प्रभावकारी रूपमा परिचालन गरिएको बताउनुभयो। उहाँले किसानले समस्या देखिनेबित्तिकै कृषि शाखामा जानकारी गराई प्राविधिकको सल्लाहअनुसार मात्र विषादी प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो।

कृषि क्षेत्रका जानकारका अनुसार स्टेम बोरर धानबालीमा आर्थिक रूपमा बढी क्षति पुऱ्याउने किरामध्ये एक हो। यसको नियन्त्रणका लागि खेतको नियमित अनुगमन, सन्तुलित मल व्यवस्थापन, आवश्यकता अनुसार सिफारिस गरिएको विषादीको प्रयोग तथा एकीकृत किराको व्यवस्थापन (आईपीएम) विधि अपनाउनु प्रभावकारी मानिन्छ। स्थानीय किसानले भने रोगको वैज्ञानिक पहिचान, विषादीको एकरूप सिफारिस, विषादी पसलको नियमित अनुगमन तथा कृषि प्राविधिकको पहुँच थप प्रभावकारी बनाउन स्थानीय सरकारसँग माग गरेका छन्।

## इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं

- इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
- निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
- बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
- धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
- इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
- परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं।

**स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं**

**स्वास्थ्य कार्यालय धनुषा, जनकपुरधाम**

## लामखुट्टेबाट सर्ने रोगबाट बचौं

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

**त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः**

- घर वरिपरि पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,
- शरिर ढाक्ने कपडा लगाऔं,
- सुत्दा झुल टाँगेर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं।

**लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं**

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य निर्देशनालय सपही**
धनुषा,मधेश प्रदेश

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) | ४१-५४०२३२ |
| महेन्द्रनगर,धनुषा | ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाभिज) | ०४१-६२०४९१ ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

# मधेश सरकारको खर्च प्रगति ..........

मा पाँच वर्ष अवधिकै तुलनात्मक रूपमा राम्रो खर्च प्रगति देखिएको छ । उक्त वर्ष रु. ४३ अर्ब ८९ करोड २१ लाख ७० हजार बजेटमध्ये रु. ३१ अर्ब २३ करोड ३६ लाखभन्दा बढी खर्च भएको थियो । कुल बजेटको ७१.१६ प्रतिशत खर्च भएको उक्त वर्ष पुँजीगत खर्च पनि पाँच वर्षकै उच्च रहेको थियो । पुँजीगत शीर्षकमा रु। २१ अर्ब ४७ करोड ५० लाखभन्दा बढी खर्च भएको तथ्यांकले देखाउँछ ।

तर, अन्य वर्षहरूमा बजेट कार्यान्वयनको गति अपेक्षाकृत कमजोर देखिएको छ । आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारले रु। ४४ अर्ब ११ करोड ४६ लाख ३२ हजार रुपियाँ बजेट विनियोजन गरे पनि रु। २४ अर्ब ५४ करोड ४९ लाख ३० हजार ३२४ रुपियाँ मात्र खर्च गर्न सकेको थियो। यसले कुल बजेटको ५५.६४ प्रतिशत मात्रै कार्यान्वयन भएको देखाउँछ। यो पाँच वर्ष अवधिको कमजोर खर्च अवस्थामध्ये एक हो ।

त्यसैगरी आर्थिक वर्ष २०७९/८० मा रु. ४७ अर्ब २ करोड ५० लाख ५२ हजार रुपियाँ बजेटमध्ये रु. २६ अर्ब बढी लाख खर्च भएको थियो । उक्त वर्ष खर्च प्रगति ५७.१४ प्रतिशतमा सीमित रह्यो । यस्तै आर्थिक वर्ष २०७८/७९ मा करिब रु. ३४ अर्ब ८७ करोड बजेटमध्ये रु. २२ अर्ब ४७ करोड खर्च भएको थियो भने खर्च प्रतिशत ६३.८० प्रतिशत रहेको थियो ।

प्रदेश सरकारको बजेट कार्यान्वयनमा सबैभन्दा ठूलो समस्या पुँजीगत खर्चतर्फ देखिएको छ । कर्मचारी तलब, प्रशासनिक सञ्चालन र नियमित कार्यक्रमसँग सम्बन्धित चालु खर्च तुलनात्मक रूपमा सहज रूपमा अघि बढे पनि सडक, सिँचाइ, ऊर्जा, भवन तथा अन्य पूर्वाधार निर्माणसँग जोडिएको पुँजीगत बजेट खर्चमा अपेक्षित सुधार हुन सकेको छैन ।

मन्त्रालयगत रूपमा हेर्दा प्रशासनिक प्रकृतिका केही मन्त्रालयले तुलनात्मक रूपमा राम्रो खर्च प्रगति देखाए पनि भौतिक पूर्वाधार विकास, खानेपानी, ऊर्जा तथा सिँचाइ, भूमि व्यवस्था, कृषि तथा सहकारीजस्ता विकासमुखी मन्त्रालयको बजेट कार्यान्वयन अपेक्षाअनुसार हुन नसकेपछि मधेश प्रदेश सभा अर्थ तथा योजना समितिले चाँसो देखाउँदै पत्राचार गरेको छ ।

समितिका सभापति अनिता कुमारी साहले प्रदेश सरकारको खर्च प्रगति सन्तोषजनक नरहेको भन्दै सम्बन्धित मन्त्रालयहरूसँग स्पष्टिकरण मागसहित पत्राचार गरिएको बताउनुभयो । उहाँले भन्नुभयो,"मधेश सरकारको खर्च प्रगति समग्रमा निराशाजनक देखिएको बारे समितिले मन्त्रालयलाई पत्राचार गरेको छ। सातादिन भित्र जाफ माग गरिएको छ ।

प्रदेश नीति तथा योजना आयोगका पूर्व उपाध्यक्ष तथा अर्थविद् डा। भोगेन्द्र झाका अनुसार व्यवस्था फेरिए पनि कार्यशैलीमा अपेक्षित सुधार आउन नसक्दा मधेश प्रदेशको पुँजीगत खर्च कमजोर बनेको छ। उहाँले आर्थिक वर्षको अन्त्यमा अत्यधिक खर्च हुने प्रवृत्तिले वित्तीय अनुशासनमाथि प्रश्न उठाएको बताउँदै खर्च गर्ने क्षमता, समयमै योजना कार्यान्वयन, नियमित अनुगमन र राजनीतिक प्रतिबद्धता सुदृढ भए बजेट कार्यान्वयनमा सुधार आउने धारणा व्यक्त गर्नुभयो ।

अर्थविद् झाले भन्नुभयो, "व्यवस्था फेरिए पनि प्रवृत्ति उस्तै छ। स्रोतको अभावभन्दा पनि खर्च गर्ने क्षमता, कार्यान्वयन अनुशासन र राजनीतिक प्रतिबद्धता कमजोर भएकाले पुँजीगत खर्चमा अपेक्षित सुधार हुन सकेको छैन ।"

समग्रमा, पछिल्ला पाँच वर्षको खर्च विवरणले मधेश प्रदेशमा बजेट कार्यान्वयनको पुरानै समस्या कायम रहेको देखाएको छ । चालु खर्च व्यवस्थापनमा सुधार देखिए पनि पुँजीगत खर्च कमजोर हुँदा प्रदेशको समग्र वित्तीय प्रभावकारिता चुनौतीपूर्ण बनेको छ ।

मधेश सरकारको चालु आर्थिक वर्ष २०८३/८४ का लागि ४१ अर्ब १३ करोड ८६ लाख रुपियाँको बजेट विनियोजन गरेको छ।

# डिएलए जनकपुरधामको अध्यक्षमा अधिवक्ता कार्की सर्वसम्मत

खबर दर्पण समाचारदाता
साउन २२ गते, जनकपुरधाम

नेपाल डेमोक्रेटिक लयर्स एसोसिएसन (डिएलए) जनकपुरको नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको छ ।

अधिवक्ता हेमबहादुर कार्कीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरिएको हो ।

नयाँ कार्यसमितिको उपाध्यक्षमा अधिवक्ता राधाकान्त झा, सचिवमा दिलीप मण्डल र कोषाध्यक्षमा आरती कुमारी साह सर्वसम्मत चयन भएका छन् ।

त्यस्तै, सदस्यहरूमा टुनेश्वर साह, किरण झा, दीपक परसैला, हेमन्त झा, सन्तोष झा र अञ्जली सिंह चयन भएका छन् ।

सर्वसम्मत रूपमा चयन भएको नयाँ नेतृत्वले कानुन व्यवसायीहरूको पेशागत हकहित संरक्षणसँगै संस्थाको उद्देश्यअनुरूप काम गर्ने प्रतिबद्धता जनाएको छ ।



नवनिर्वाचित पदाधिकारीहरूले विधिको शासनलाई सुदृढ बनाउने, लोकतान्त्रिक मूल्य मान्यताको प्रवर्द्धन गर्ने तथा कानुनी क्षेत्रका समसामयिक विषयमा संस्थाको भूमिका थप प्रभावकारी बनाउने बताएका छन् ।

नयाँ कार्यसमिति चयनसँगै डिएलए जनकपुरधामका गतिविधिलाई थप सक्रिय, व्यवस्थित र परिणाममुखी बनाउने विश्वास गरिएको छ । कानुन व्यवसायीहरूको पेशागत क्षमता अभिवृद्धि तथा उनीहरूको हकहितका विषयमा संस्थाले आगामी दिनमा थप प्रभावकारी भूमिका निर्वाह गर्ने जनाइएको छ ।

सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

लक्ष्मीनियाँ गाउँपालिका, धनुषा

विषाक्त च्याउ नखाऔं: सुरक्षित बनौं

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

बिषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छ: सावधानी अपनाऔं

स्वास्थ्य कार्यालय महोत्तरी, जलेश्वर

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

गणेशमान चारनाथ नगरपालिका, धनुषा

भू-संरक्षणमा ध्यान दिऔं

- भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं।

भू-रक्षा: जीवनको सुरक्षा

मिथिला नगरपालिका, धनुषा



# औरहीमा धानबालीमा स्टेम बोरर किराको प्रकोप

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**साउन २२ गते, महोत्तरी**

महोत्तरीको औरही नगरपालिकामा धानबालीमा स्टेम बोरर (क्तभ्ख्चयचभच) किराको प्रकोप देखिन थालेपछि किसान चिन्तित बनेका छन्।

धानको पात पहेँलिने, बोट सुक्दै जाने तथा बोटको वृद्धि प्रभावित हुने समस्या देखिएपछि किसानले रोग नियन्त्रणका लागि विषादी पसलको सहारा लिए पनि एउटै प्रकृतिको समस्यामा फरक-फरक विषादी सिफारिस गरिँदा उनीहरू अन्योलमा परेका हुन्।

औरही नगरपालिका-२ का किसान दिनेश यादव र वडा नं. १ का किसान श्रवण कुमार यादवलगायतले रोग नियन्त्रणका लागि भरपर्दो र एकरूप प्राविधिक परामर्श नपाएको गुनासो गरेका छन्। उनीहरूका अनुसार नगर पालिकाभित्र सञ्चालित अधिकांश विषादी पसलले एउटै लक्षण देखिएको धानबालीका लागि फरक-फरक विषादी सिफारिस गर्ने गरेका छन्। सिफारिस गरिएका विषादी प्रयोग गर्दा पनि अपेक्षित रूपमा रोग नियन्त्रण हुन नसकेको उनीहरूको भनाइ छ।

धानबालीमा देखिएको समस्याबारे किसानले औरही नगरपालिकाको कृषि शाखामा जानकारी गराएपछि कृषि शाखाका प्रमुख सुनिल कुमार यादव र शाखाका नारु.प्रा.स. कविता बिष्टको समन्वयमा प्राविधिक कर्मचारी सतेन्द्र कुमार ठाकुर र नवीन यादव प्रभावित खेतमा पुगेर निरीक्षण गरेका थिए। निरीक्षण तथा नमुना परीक्षणपछि धानबालीमा स्टेम बोरर किराको प्रकोप रहेको प्रारम्भिक निष्कर्ष निकालिएको कृषि शाखाले जनाएको छ। त्यसपछि किसानलाई सिफारिस गरिएको विषादी, प्रयोग गर्ने उचित समय, मात्रा तथा विधि बारे आवश्यक प्राविधिक परामर्श प्रदान गरिएको थियो। कृषि शाखाका प्रमुख सुनिल कुमार यादवले स्टेम बोरर धानबालीमा क्षति पुऱ्याउने प्रमुख किरामध्ये एक भएको बताउनुभयो। उहाँका अनुसार यस किराले धानको तना (गुभो) भित्र प्रवेश गरी भित्री भागमा क्षति पुऱ्याउने भएकाले बीचको पात सुक्ने (डेड हार्ट) तथा बाला लाग्ने समयमा बाला सेतो हुने (ह्वाइट हेड) समस्या देखिन सक्छ। समयमै पहिचान गरी प्राविधिकको सल्लाहअनुसार विषादी प्रयोग गरेमा क्षति न्यूनीकरण गर्न सकिने उहाँको भनाइ छ। उहाँले हालसम्म अधिकांश किसानले धानबालीमा देखिएको समस्याबारे



औपचारिक रूपमा कृषि शाखामा जानकारी नदिएको उल्लेख गर्दै बालीमा कुनै असामान्य लक्षण देखिएमा तत्काल कृषि शाखामा सम्पर्क गर्न आग्रह गर्नुभयो। कृषि शाखाले सञ्चालन गर्ने तालिम तथा कृषि कार्यक्रमप्रति किसानको

*बाँकी पृष्ठ २ मा*

# गोलबजार घटनाका मृतकको परिवारलाई घर बनाइदिने मधेस सरकारको घोषणा

**खबर दर्पण समाचारदाता**
**साउन २२ गते, बर्दिवास**

मधेस प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्री मनोजकुमार सिंहले गोलबजार आन्दोलनका क्रममा गोली लागेर मृत्यु भएका गणेश यादवको परिवारलाई दुईकोठे भवन निर्माण गरिदिने बताउनुभएको छ।

मन्त्री सिंहले गणेश यादवका पिता रामवृक्ष यादवलाई आज औरही गाउँपालिका वडा नं. २ तुलसीपुर (तुलसियाही) स्थित आफ्नै निवासमा भेट गरी उक्त प्रतिबद्धता व्यक्त गर्नुभएको हो। मधेस प्रदेश सरकारले सञ्चालनमा ल्याएको 'विपन्नसँग मदन भण्डारी' कार्यक्रम अन्तर्गत दुईकोठे भवन निर्माण गरिदिने मन्त्री सिंहले जानकारी दिनुभयो। "दुईकोठे भवनका लागि जग्गा उपलब्ध हुनासाथ घर निर्माणको कार्य तत्काल अघि बढ्नेछ", उहाँले भन्नुभयो।

पीडित परिवारलाई भेट्न मन्त्री सिंहका साथमा भौतिक पूर्वाधार कार्यालयका इन्जिनियर रामनारायण यादव, औरही गाउँपालिका वडा नं. २ का वडाध्यक्ष रामअयोध्या यादव लगायत स्थानीयवासीको उपस्थिति रहेको थियो।

यसै गरी आजै नेपाली काङ्ग्रेसका सहमहामन्त्री महेन्द्र यादव तथा नेपाली काङ्ग्रेस सिरहाका सभापति रामचन्द्र यादव गणेश यादवको घर पुगेर मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवार जनमा समवेदना व्यक्त गर्नुभएको छ।



सुनसरीको घटनालाई लिएर गत साउन १४ गते गोलबजारमा भएको आन्दोलनमा झडप हुँदा गोली लागेर गणेश यादवको मृत्यु भएको थियो। गोलबजार घटनाको निष्पक्ष अनुसन्धान गर्न गृह मन्त्रालयले सहसचिव स्तरीय छानबिन समिति गठन गरेको छ, जसले तथ्य प्रमाण सङ्कलन गरिसकेको छ। यसअघि गृहमन्त्री सुधन गुरुङ स्वयं उपस्थित भई मृतकका पितासँग सातबुँदे लिखित सम्झौता गरेर उत्पन्न परिस्थितिलाई साम्य पार्नुभएको थियो।

## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं**

**गौशाला नगरपालिका, महोत्तरी**

## स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**औरही नगरपालिका, महोत्तरी**

## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**मटिहानी नगरपालिका, महोत्तरी**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,